# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# प्रदेश नम्बर ५




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको पहिलो वार्षिक प्रतिवेदन २०७५

# प्रदेश नं.५

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्रदेश नं. ५



रूकुम पुर्व
बर्दिया
रोल्पा
बाँके
दाङ
प्यूठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
नवलपरासी
पश्चिम

नेपालका
महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

प.सं. :- २०७५/०७६
च.नं. :-

विषय: **वार्षिक प्रतिवेदन ।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. ५, बुटवल ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नम्बर ५ को आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **प्रदेश सञ्चित कोष** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | ३ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | ६ |
| | १. प्रदेश सभा सचिवालय ………… | ६ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ………… | ८ |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय ………… | १० |
| | ४. आन्तरिक मामिला तथा कानून मन्त्रलय ………… | १२ |
| | ५. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय ………… | १४ |
| | ६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ………… | १६ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय ………… | १८ |
| | ८. सामाजिक विकास मन्त्रालय ………… | २० |
| | ९. मुख्य न्यायाधिवक्ताको कार्यालय ………… | २२ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयन स्थिति**………… | २३ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु**………… | २४ |
| **अनुसूचीहरु:** | १. लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण………… | २६ |
| | २. लेखापरीक्षण रकम………… | २७ |
| | ३. बेरुजू वर्गीकरण………… | २८ |
| | ४. लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजू स्थिति………… | २९ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ ।

त्यसैगरी नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ अनुसार महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७४/७५ को प्रदेशस्तरका कार्यालयको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । यसरी प्रदेश सभामा पेश भएको प्रतिवेदन प्रदेश सभा नियमावलीबमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखापरीक्षकले जारी गरेका निर्देशक दस्तावेजहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन(एसोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरुसमेत अनुशरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीहरु तथा लेखाउत्तरदायी अधिकृतलगायत सरोकारवाला पक्षहरुसँग आवश्यक छलफलका साथै सूचना, राय, सुझाव संकलन गरी लेखापरीक्षणलाई गुणस्तरीय, परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु । यस प्रतिवेदनमा सार्वजनिक निकायबाट प्रचलित कानुनको पालना, वित्तीय काम कारबाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, आर्थिक कारोबारको स्थिति, स्रोतको चुहावटबाट सरकारी हानी नोक्सानीको पहिचानजस्ता विषयलाई लेखापरीक्षणबाट निक्यौंल गर्ने प्रयास गरिएको छ ।

यस वर्ष प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालय समेत ९ निकायको रु. २० करोड ३५ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न भएकोमा २ निकायमा रु. ५ लाख ८ हजार बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अंकको ०.२५ प्रतिशत हुन आउँछ ।

आर्थिक वर्ष २०७४/७५ को प्रदेशअर्न्तगतका कार्यालयहरुको लेखापरीक्षणबाट मूलतः आवश्यकताअनुसार सबै कानून निर्माण हुन नसकेको, कतिपय कानुनी व्यवस्था संघीय कानुनसँग सामन्जस्य नभएको, दरबन्दीबमोजिम कर्मचारीको पदपूर्ति हुन नसकेको, संगठनात्मक संरचनामा दोहोरोपना देखिएको, आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने र उठाउने गरी बजेटमा प्रस्ताव नभएको, बजेट वक्तव्यमा उल्लेख भएका कतिपय नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रतिस्पर्धाबिगर सोझै वस्तु तथा सेवा खरिद गरेको, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार नगरेको, निकायगत कार्यको प्रकृत्ति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु देखिएका छन् ।

यस प्रतिवेदनमा संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका विषयहरु समावेश गरिएको छ । संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपि नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट प्रदेशस्तरको शासकीय व्यवस्था संचालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेशको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकतम् प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह, रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ । साथै सम्बन्धित प्रदेश सरकारले संघीय सरकारको अनुदानप्रतिको निर्भरतालाई क्रमशः घटाउँदै नेपालको संविधान बमोजिम आफ्नो कार्यभित्र परेका स्थानीय श्रोत साधनमार्फत् आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारबाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभामुखज्यू तथा उप-सभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश सरकारका सबै निकाय र पदाधिकारीहरुलगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)

महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


प.सं. : २०७५/०७६
च.नं. :

मिति :- २०७५/१२/२७

**विषय : संचितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन ।**

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नम्बर ५, बुटवल, रुपन्देही ।

१. **आर्थिक विवरण उपर प्रतिवेदन**- हामीले ५ नम्बर प्रदेशको संचितकोषको २०७५ असार ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्वन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरण उपर व्यवस्थापनको जिम्मेवारी**- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, र प्रचलित कानुन, नेपाल सार्वजनिक क्षेत्र लेखामान, अभ्यास र प्रचलन अनुरुप आर्थिक विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी अन्तर्गत आर्थिक विवरण जालसाजी, त्रुटी र गलत आंकडारहित सारभूत रुपमा प्रस्तुतीकरण गर्ने, निकायको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखानीतिको छनौट गरी कार्यान्वयनगर्ने र आवश्यकता अनुसार उचित लेखामान लागूगर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षणको जिम्मेवारी**- हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र आर्थिक विवरण सारभूतरुपमा गलत आंकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्अनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएको सूचनाका बारेमा पुष्ट्याई गर्ने, यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूत रुपमा जालसाजी वा त्रुटी वा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्वन गरिने लेखापरीक्षण जोखिमको मूल्यांङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षण जोखिमको मूल्यांङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्तता वारेमा परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता वारे लेखापरीक्षणवाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता लगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्यांङ्कन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले कैफियत सहितको राय व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**- कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभुत असर पर्ने व्यहोरा निम्न अनुसार छन्:

४.१ प्रदेश लेखा नियन्त्रक कार्यालयले संचित कोषको आर्थिक विवरण नेपाल सरकारले २०६६।५।३० मा स्वीकृत गरेको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान वमोजिम तयार गर्नुपर्नेमा गरेको छैन । प्रदेश संचित कोषको आर्थिक विवरण तयार गर्ने लेखा ढाँचा प्रचलित कानुन वमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणवाट रु.२ लाख १८ हजार असुल उपर गर्नुपर्ने र रु.२ लाख ९० हजार अनियमित भएको समेत रु. ५ लाख ८ हजार वेरुजू देखिएको छ ।

४.३ प्रदेश सरकारको लागि रु. १ अर्ब २ करोड ५ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु.१९ करोड ८ लाख २४ हजार खर्च भई रु.८२ करोड ९६ लाख ७६ हजार सञ्चितकोषमा बाँकी रहेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले अर्थ बजेट शीर्षकमा रु.१५ लाख ८२ हजार र उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले रु.१० लाख ५६ हजार गरी रु. २६ लाख ३८ हजार खर्च लेखेकोमा उक्त खर्च प्रदेश सञ्चित कोषमा समावेश गरेको छैन । साथै धरौटी वापत ५ मन्त्राललयले रु.९ लाख ५६ हजार आम्दानी गरी त्यतिनै मौज्दात देखाएकोमा सो समेत प्रदेश सञ्चित कोषले चित्रण गरेको छैन ।

४.४ ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ती र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमि कमजोरी देखिएका छन् ।

५. **लेखापरीक्षकको राय**- हामीलाई उपलब्ध गराइएको स्रेस्ता, अभिलेख, सूचना जानकारीका आधारमा हाम्रो रायमा बुँदा नं.४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असरवाहेक प्रदेश सरकारको संचितकोषको आर्थिक विवरणले २०७५ असार ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक कारोवारलाई नेपाल सरकारको लेखा प्रणाली अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(राममाया कुँवर)
उप-महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोवारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसारका उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, र मुख्य न्यायधिवक्ताको कार्यालयसमेत ९ निकायको २०७४।७५ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुशरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकता अनुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराइएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायवाट प्राप्त जवाफ प्रतिकृयासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।
लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४ (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा ४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र पच्छिेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १
# लेखापरीक्षण गरिएका निकायको विवरण

## • समष्टिगत लेखापरीक्षण

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|
| (क) वित्तीय लेखापरीक्षण<br>१. सरकारी कार्यालय | ९ | २०३५४० |
| जम्मा | ९ | २०३५४० |

यो वर्ष प्रदेश मातहतका ९ निकायको रु.२० करोड ३५ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण **अनुसूची १** मा उल्लेख छ ।

१. **सरकारी निकाय** – यो वर्ष ९ प्रदेश कार्यालयको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न | | |
|---|---|---|---|---|
| | | २०७४।७५ को रकम | बक्यौता | जम्मा |
| १. | विनियोजन निकासा | १९३४६२ | - | १९३४६२ |
| २. | राजस्व असुली | ४ | - | ४ |
| ३. | धरौटी आम्दानी | ९५६ | - | ९५६ |
| ४. | अन्य कारोवार | ९११८ | - | ९११८ |
| | जम्मा | २०३५४० | - | २०३५४० |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ ।

२. **लेखापरीक्षण कार्यविधि** – यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षण गर्दा जोखिम विश्लेषण सहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ ।

## • प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति

३. **प्रदेश बजेट तथा खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७४।७५ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७४।७५ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | ५५४४४७ | १२५३२८ | २२.६० |
| पुंजीगत खर्च | ४६६०५३ | ६५४९६ | १४.०५ |
| जम्मा | १०२०५०० | १९०८२४ | १८.७० |

४. **खर्चको स्थिति** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुंजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने निकायको खर्चको विवरण निम्नानुसार छः

रु( हजारमा)

| चालु खर्च | | | | पुंजीगत खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मन्त्रालय | रकम | कुल चालु खर्चको प्रतिशत | क्र.सं. | मन्त्रालय | रकम | कुल पुंजीगत खर्चको प्रतिशत |
| १ | प्रदेश सभा सचिवालय | ४६९३९ | ३७.४५ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १५४६१ | २३.६० |
| २ | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १९२९५ | १५.३९ | २ | प्रदेश सभा सचिवालय | १२१९७ | १८.६२ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १६२४२ | १२.९५ | ३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९१४४ | १३.९६ |
| ४ | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | ११४६७ | ९.१५ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६५०३ | ९.९२ |
| ५ | सामाजिक विकास मन्त्रालय | ११०१५ | ८.७८ | ५ | सामाजिक विकास मन्त्रालय | ६४८४ | ९.८९ |

| चालु खर्च | | | | पुँजीगत खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मन्त्रालय | रकम | कुल चालु खर्चको प्रतिशत | क्र.सं. | मन्त्रालय | रकम | कुल पूँजीगत खर्चको प्रतिशत |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७०२२ | ५.६० | ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५६५० | ८.६२ |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६५६० | ५.२३ | ७ | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | ४६९७ | ७.१७ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५९३८ | ४.७३ | ८ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४६२१ | ७.०५ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ८५० | ०.६७ | ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ७३९ | १.१२ |
| | | १२५३२८ | | | | ६५४९६ | |

५. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ :

रु(हजारमा)

| स्रोत | २०७४।७५ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| संघीय सरकार अनुदान | १०२०५०० | १९०८२४ | १८.७० |
| **जम्मा** | **१०२०५००** | १९०८२४ | **१८.७०** |

५.१. यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.१९ करोड ८ लाख २४ हजार सम्पूर्ण संघीय अनुदानबाट व्यहोरेको छ ।

५.२. यो वर्ष चालुतर्फ रु.१२ करोड ५२ लाख २८ हजार खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.१३ लाख ४९ हजार रहेको छ ।

६. **राजस्व असुली–** सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भए तापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र भित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा कुनै प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजश्वको अनुमान समाबेश गरेको छैन ।

७. **कर तथा शुल्क -** प्रदेशले बनाएको कानुनबमोजिम कर लगाउने र उठाउने व्यवस्था छ । प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने समेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानून बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ । प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ अनुसूचि (२) अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य संचालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा २०७४।७५ को बजेट बक्तव्यमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक श्रोत परिचालन गर्ने गरी प्रदेश आर्थिक विधेयकमा व्यवस्था मिलाउने उल्लेख भएकोमा २०७४।७५ मा कर तथा गैह्र कर सम्बन्धी ऐन तर्जुमा भएतापनि आर्थिक ऐन जारी भएको पाइएन । यद्यपी चालु वर्ष २०७५।७६ को बजेटमा आर्थिक ऐन समेत जारी भई कार्यान्वयनमा आएको छ ।

८. **छलफल र अन्तरक्रिया:** महालेखापरीक्षकको २०७४।७५ को लेखापरीक्षण कार्य तालिका अनुसार दोस्रो चरण ( मंसिर, पौष) को लेखापरीक्षण कार्यक्रम अन्तर्गत २०७५ मंसिर पहिलो हप्तामा प्रदेश सरकार लगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण सम्पन्न गर्न जिल्लाको कार्यबोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो ।

यसै सिलसिलामा २०७५।८।१९ मा महालेखापरीक्षकबाट ५ नम्बर प्रदेशका प्रदेश प्रमुख, सभामुखसमेतसंग प्रदेशका सम्पूर्ण निकायको लक्ष्य, आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रवर्द्धन गर्ने विषयमा छलफल भएको थियो । प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु तथा सचिवहरुसंग संघीय संरचनामा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन मार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धमा सुझाव प्रस्तुत गर्नु भएको थियो । त्यस्तै मुख्यमन्त्री तथा प्रदेश मन्त्रालयका मन्त्री तथा सचिवहरुबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो ।

सोही दिन मुख्यमन्त्रीको उपस्थितिमा रुपन्देही जिल्लास्थित सबै स्थानीय तह, सरकारी निकायका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरुसंग अन्तर्क्रिया कार्यक्रम आयोजना गरी संघीय संरचनामा निकायको सेवा प्रवाह, कार्यसम्पादन स्थिति र बेरुजू फछ्र्यौट लगायत विषयमा महालेखापरीक्षकबाट प्रष्ट पार्नुको साथै स्थानीय तहका जनप्रतिनिधिलाई आर्थिक प्रशासन, वित्तीय अनुशासन र जवाफदेहिताका सम्बन्धमा ध्यानाकर्षण गराइएको थियो ।

# परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालय अन्तर्गत यो वर्ष उपर्युक्त परिभाषा बमोजिम बेरुजू ठहरिने रकम देहायअनुसार रु.५ लाख ८ हजार रहेको छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रदेश कार्यालयको बेरुजू | ५०८ |
| | **जम्मा** | **५०८** |

२. **बेरुजू वर्गीकरण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | कुल वेरुजूको प्रतिशत |
|---|---|---|
| **जम्मा बेरुजू** | **५०८** | - |
| **१. असुल गर्नुपर्ने** | **२१८** | **४२.९१** |
| **२. नियमित गर्नुपर्ने** | - | - |
| • अनियमित भएको | **२९०** | **५७.०९** |
| • प्रमाण कागजात पेस नभएको | - | - |
| • जिम्मेवारी नसारेको | - | - |
| • शोधभर्ना नलिएको | - | - |
| **३. पेस्की** | - | - |
| • कर्मचारी पेस्की | - | - |
| • मोबिलाइजेसन पेस्की | - | - |
| • प्रतीतपत्र पेस्की | - | - |
| • संस्थागत पेस्की | - | - |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची –३** मा उल्लेख छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७४।७५ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम **अनुसूची ४** मा समावेश गरिएको छ ।

२.२ प्रदेश कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्ः

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३७६१८ | ७० | २९० | ० | ३६० | ७०.८० | **०.९६** |
| २. | सामाजिक विकास मन्त्रालय | १७४९८ | १४८ | ० | ० | १४८ | २९.२० | ०.८५ |
| | **जम्मा** | **५५११६** | **२१८** | **२९०** | **०** | **५०८** | **१००** | **०.९२** |

२.३ यो वर्ष ९ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ७ कार्यालय (७७.७८ प्रतिशत) मा लगती बेरुजू देखिएन ।

२.४ यो वर्ष ९ प्रदेश कार्यालयको ९४ दफा बेरुजू देखिएकोमा ८७ सैद्धान्तिक र ७ लगती कायम भएको छ ।

२.५ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्कीबाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|
| २०३५४० | ५०८ | ०.२५ | ५०८ | ०.२५ |

प्रदेश कार्यालयको निकायगत र लेखाउत्तरदायी अधिकृतको विवरण **अनुसूची ४** मा समावेश छ।

३. **बेरुजू न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवातीको चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि ऐन, खरिद लगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोरीको अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी मार्फत शुरुदेखि नै बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

४. **कानुन निर्माण** - प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानून प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनु पर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार बिभिन्न मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानून ४१ मध्ये प्रदेशसभाबाट १८ पारित भएको र २३ प्रक्रियामा रहेको देखिन्छ।

५. **कानुनमा सामञ्जस्यता** - प्रदेश सरकारले बनाउने कानून संघीय कानूनसँग सामन्जस्य हुने गरी निर्माण गर्नुपर्नेमा केही असामन्जस्यता देखिने गरेको छ । उदाहरणको लागि प्रदेश नं.५ ले निर्माण गरेको प्रदेश आर्थिक कार्यबिधि ऐन, २०७४ को दफा ३५(१) मा महालेखापरीक्षकबाट औंल्याएको बेरुजु सम्बन्धित कार्यालयले फछ्र्यौट र सम्परीक्षण गरी महालेखा परीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था गरेको देखिन्छ। सोही ऐनको दफा ३८ मा लेखापरीक्षणबाट दर्शाइएका बेरुजु सम्बन्धित लेखाउत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा सम्परीक्षण हुने र सो कार्यको अनुगमन महालेखा परीक्षकको कार्यालयले गर्ने व्यबस्था गरेको पाइयो। उक्त व्यबस्था आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने यसरी फछ्र्यौट भएको व्यहोरा दफा १९(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यबस्था भन्दा भिन्न रहेको र सम्परीक्षण लेखापरीक्षणकै अंग भएकोले उक्त कार्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुने व्यबस्था उचित नभएकोले यस व्यबस्थामा पुनरावलोकन हुनुपर्ने देखिन्छ।

६. **संगठन र कर्मचारी व्यवस्थापन :** संघीय व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तह तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले कार्य गर्ने स्पष्ट मार्गचित्र तयार नगरेका कारण स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज गरिएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना हुने गरेको देखिन्छ। प्रदेश नम्बर ५ अर्न्तगत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७५।१२।१४ मा प्राप्त विवरणको आधारमा प्रदेश अन्तर्गतका कार्यालयहरुमा ४०३७ दरवन्दी स्वीकृत गरेकोमा २५३२ जनाको समायोजन भएको विवरण प्राप्त भएको छ। स्वीकृत दरवन्दीको तुलनामा ६२.७२ प्रतिशत मात्र समायोजन भएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने नदेखिँदा समयमै पदपूर्ति गर्नुपर्दछ।

७. **बजेट कार्यान्वयन** - प्रदेश अर्थमन्त्रीले अगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यबस्था सहितको बजेट अनुमान समेत गर्नुपर्ने व्यवस्था छ । २०७४।७५ को आय-व्ययको अनुमान २०७४।१२।२९ मा प्रदेश सभामा पेश गरेको देखिन्छ। प्रदेश सरकारको २०७४।७५ बार्षिक बजेट कार्यान्वयन स्थिति निम्नानुसार छ :

७.१ सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र भित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण बार्षिक आय र व्ययको बिबरणमा राजश्वको अनुमान समाबेश गरेको पाइएन । यस प्रदेश सरकारको आम्दानीको स्रोत संघीय सरकारको अनुदान रु.१ अर्ब २ करोड ५ लाख रहेको देखिन्छ।

यस वर्षको लागि विनियोजन भएका रु.१ अर्ब २ करोड ५ लाखे मध्ये चालु खर्चतर्फ रु.५५ करोड ४४ लाख ४७ हजार (५४.३३ प्रतिशत) र पूँजिगततर्फ रु.४६ करोड ६० लाख ४० हजार (४५.६७ प्रतिशत) रहेको देखिन्छ। उक्त विनियोजन मध्ये रु.१९ करोड ८ लाख २४ हजार खर्च भएकोमा चालुतर्फ रु.१२ करोड ५३ लाख २८ हजार (६५.६८ प्रतिशत) र पूँजीगततर्फ रु.६ करोड ५४ लाख ९६ हजार (३४.३२ प्रतिशत) खर्च भएको पाइयो । प्रदेश मन्त्रालय र निकायहरु यसै आर्थिक बर्षमा स्थापना भएका कारण ती निकायको स्थापना र सञ्चालनको लागि चालु खर्च बढी हुने भएतापनि यस्तो खर्चलाई न्युनतम राख्न शुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्वन गर्नुपर्दछ ।

७.२ बजेटमा समावेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि २०७४।७५ को आय र व्ययको अनुमानमा उल्लेख भएका प्रदेश लोकसेवा आयोगको गठन, प्रदेश गौरबका आयोजनाको छनौट, प्रदेशस्तरको सूचनाहरुलाई एकीकृत गर्ने, प्रादेशिक दुग्ध विकास बोर्ड गठन, मन्त्रालयगत प्रोफाइल र प्रोजेक्ट बैंक तयारी, प्रदेशस्तरीय विपद् व्यबस्थापन कोष, युवा बैज्ञानीक कोष र प्रदेश बाल उद्धार कोषको स्थापना सम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन । बजेटको प्रभावकारिता अभिवृद्धि गर्न नीति तथा कार्यक्रमको कार्यान्वियन गर्नु पर्दछ ।

८. **सम्पत्ति व्यवस्थापन :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ अनुसूचि २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बांकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार बाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरेको पाइएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नु पर्दछ ।

९. **प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन -** प्रदेश सरकारले प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन गर्नुपर्ने संवैधानिक व्यवस्था छ । यस वर्ष प्रदेशले मर्मत सम्भार फर्निचर खरिद, गाडी तथा रंगरोगन लगायत व्यवस्थापकीय कार्यको लागि रु.१५ करोड ६७ लाख खर्च गरेको छ ।

१०. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ। प्रदेश अन्तर्गत ६ मन्त्रालय र १ सचिवालयले पटक पटक गरी रु.३ करोड ९७ लाख १ हजारको फर्निचर कम्प्युटर लगायतका सामान सोझै खरिद गरेको देखिएकोले खरिद कार्यलाई मितव्ययी र पारदर्शी वनाउन ऐन तथा नियमको व्यवस्था बमोजिम प्रतिस्पर्धा गराई खरिद गर्नु पर्दछ ।

११. **आन्तरिक नियन्त्रण** : प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० मा प्रदेश तहमा आफ्नो ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गरिसक्नु पर्ने व्यवस्था छ । यो ऐन, २०७४।१२।१९ मा प्रमाणीकरण भएकोमा लेखापरीक्षण अवधिसम्म कुनै पनि मन्त्रालयमा आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण समिति गठन भएको पाइएन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२. **वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ वमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली लागू गर्नुपर्ने व्यवस्था छ। प्रदेश मन्त्रालयहरुको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन, सेवा प्रवाह, खरिद व्यवस्थापन समेतको आधारमा मूल्याङ्कन गर्दा थप सुधार गर्दै जानुपर्ने देखिएको छ ।

## परिच्छेद-३
## मन्त्रालय र निकायगत व्यहोरा

# प्रदेश सभा सचिवालय

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि यस प्रदेशमा २०७४।१०।७ प्रदेश सभाका सदस्यहरुको सपथग्रहण भएसँगै प्रदेश सभाको गठन भएको देखिन्छ। प्रदेश संसदको कामकारबाहीमा सहयोग गर्न प्रदेश सभा सचिवालय रहेको छ।

यो वर्ष विनियोजन रु. **५** करोड **९१** लाख **३५** हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण :** सचिवालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। यस सचिवालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा तलबी प्रतिवेदन पारित नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन जारी गरेतापनि खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको, जस्ता कैफियत देखिएका छन्। प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ।

२. **पारिश्रमिक र सुविधा** : प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा यो वर्ष सभामुख र उपसभामुखको पारिश्रमिकमा रु.७ लाख १५ हजार तथा प्रदेश सभा सदस्यको पारिश्रमिकमा रु.३ करोड ४१ लाख २ हजार खर्च भएको छ।

| सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामुख | विपक्षी दलको नेता | सत्तापक्षको सचेतक र सभापति | विपक्ष दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| पारिश्रमिक | प्रतिमहिना | ५३००० | ५०००० | ५०००० | ४८००० | ४८००० | ४५००० |
| बैठक भत्ता | प्रति दिन | १००० | १००० | १००० | १००० | १००० | १००० |
| आवास सुविधा | प्रतिमहिना | - | - | १५००० | १५००० | १५००० | १५००० |
| फर्निचर खरिद | एकमुष्ट | | | ४५००० | ४५००० | ४५००० | ४५००० |
| सवारी इन्धन | मासिक लिटर | २०० | १५० | १५० | १५० | १५० | - |
| मोविल | त्रैमासिक लिटर | १० | १० | १० | १० | १० | - |
| बिजुली धारा | प्रतिमहिना | विल अनुसार | विल अनुसार | १५०० | १५०० | १५०० | १५०० |
| संचार सुविधा | प्रतिमहिना | विल अनुसार | २००० | २००० | २००० | २००० | २००० |
| दैनिक भ्रमण भत्ता | प्रति दिन (स्वदेश) | २५०० | २००० | २००० | २००० | २००० | २००० |
| दैनिक भ्रमण भत्ता | प्रति दिन (विदेश) | २२५ | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| यातायात सुविधा (वैठक बसेको दिनमा मात्र) | - | - | - | - | - | - | ५०० |

३. **प्रदेश सभाको गठन :** प्रदेश नं.५ अर्न्तगत १२ जिल्लाबाट प्रत्यक्ष र समानुपातिक गरी प्रदेश सभाको लागि नेपालको संविधानको धारा १९४ अनुसार गठन हुने प्रदेश सभा सदस्यमा प्रत्यक्ष तर्फ ५२ जना सदस्य एवं समानुपातिक प्रणालीबाट ३५ सदस्य रहेकोमा सबै सदस्य पदपूर्ति भएको देखिन्छ।

४. **समिति गठन :** प्रदेश सभा संञ्चालन नियमावली, २०७४ अनुसार प्रदेश सभा अन्तर्गत निम्नानुसारका समितिहरु रहेका छन्:

| सि.नं | विषयगत समिति | सदस्य संख्या |
|---|---|---|
| १ | सार्वजनिक लेखा समिति | १२ |
| २ | अर्थ उद्योग तथा पर्यटन समिति | १३ |
| ३ | सामाजिक विकास समिति | १३ |
| ४ | प्रदेश मामिला तथा कानुन समिति | १३ |
| ५ | भौतिक पूर्वाधार तथा विकास समिति | १४ |
| ६ | कृषि वन तथा वातावरण समिति | १३ |
| ७ | कार्य व्यवस्था परामर्श समिति | १३ |
| ८ | विशेषाधिकार समिति | ११ |
| | **जम्मा** | **१०२** |

५. **ऐन प्रमाणीकरण स्थितिः** प्रदेश सभा सचिवालयबाट प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म ऐन नियम प्रमाणीकरणको स्थिति निम्नानुसार रहेको छ:

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | प्रमाणीकरण भएका ऐन | १८ |
| २ | प्रदेश सभामा प्रक्रियामा रहेका विधेयक | २३ |
| | **जम्मा** | **४१** |

६. **दरबन्दी र पदपूर्ति :** सचिवालयमा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको दरवन्दी विवरण अनुसार सचिवालयमा विभिन्न तह गरी कुल ३६ पदको दरबन्दी रहेकोमा हालसम्म ३३ पदपूर्ति भएका र ७ जना करारमा नियुक्ति गरेको देखिन्छ । स्वीकृत दरबन्दी वमोजिम विभिन्न पदमा ५ जना रिक्त रहेको देखिन्छ । दुई जना दरबन्दी वेगरको खरिदार पदमा कार्यरत रहको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले सचिवालयवाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी र दिगो वनाउन दरवन्दी अनुसारको पदपूर्ति हुनु पर्दछ ।

७. **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सचिवालयले पटक पटक गरी ५० लाख ८४ हजारको फर्निचर तथा फिक्चर्स र मेसिनरी औजार सोभै खरिद गरेको छ । ऐन, नियमले तोकेको प्रक्रिया पूरा गरी खरिद गर्नु पर्दछ ।

८. **सवारी साधन मर्मत :** सवारी साधन मर्मत गर्दा मर्मत आदेश स्वीकृत गराएर मात्र सवारी साधन मर्मत गर्नुपर्दछ । सचिवालयले विभिन्न समयमा सवारी साधन मर्मत गरी रु.२ लाख ११ हजार खर्च लेखेकोमा मर्मत आदेशवेगर सवारी साधन मर्मत गरेकोमा नियमसम्मत भएको देखिएन । सवारी साधन मर्मत गर्दा मर्मत आदेश लिएर मात्र मर्मत गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** सचिवालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेशभित्रको शासन व्यवथाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. **३** करोड **३२** लाख **८६** हजार, राजस्व आम्दानी ४ हजार र धरौटी रु. **३** लाख **३६** हजार समेत रु.३ करोड ३६ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले जिन्सी निरिक्षण गराई सो माथि कारवाही नगरेको, मुल्य खुलाई जिन्सी निरीक्षण तयार नगरेको, जिन्सी अभिलेखमा स्पेसिफिकेशन नखुलाएको, खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको जस्ता कैफियत देखिएका छन् । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

२. **मुख्यमन्त्री तथा मन्त्रीको सुविधा :** मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा चालु वर्ष मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा इन्धन खर्चमा रु.५० लाख ७ हजार खर्च भएको छ ।

| सुविधाको किसिम | इकाई दर | मुख्य मन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक | ६०९७० | ५२००० | ४९००० | ४८१०० |
| आवास सुविधा | मासिक | ० | ० | १५००० | १५००० |
| फर्निचर | एकमुष्ट | ० | ० | ० | ० |
| सवारी | वटा | आवश्यकता अनुसार | १ | १ | १ |
| सवारी इन्धन | मासिक लिटर | २५० | २०० | २०० | २०० |
| मोविल | त्रैमासिक लिटर | आवश्यकता अनुसार | १० | १० | १० |
| संञ्चार सुविधा | प्रतिमहिना | विल अनुसार | ३००० | २००० | २००० |
| धारा बिजुली | प्रतिमहिना | विल अनुसार | विल अनुसार | २००० | २००० |
| दैनिक भ्रमण भत्ता(स्वदेश) | प्रतिदिन | २५०० | २००० | २००० | २००० |
| दैनिक भ्रमण भत्ता(बिदेश) | प्रतिदिन (अ.ड.) | २२५ | २२५ | २२५ | २२५ |
| अतिथि सत्कार | प्रति महिना | १५००० | १०००० | ५००० | ५००० |

३. **प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापनः** मन्त्रालयमा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्ने भएतापनि मन्त्रालयले उपलब्ध गराएको दरबन्दी विवरण अनुसार मन्त्रालयमा विभिन्न तह गरी ५२ पदको दरबन्दी रहेकोमा ३४ पदपुर्ति भई १८ पद रिक्त रहेको देखिन्छ । पदपूर्ति मध्ये ११ जना कर्मचारी करारमा नियुक्ति गरेको पाइयो । मन्त्रालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी र दिगो बनाउन दरवन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

४. **संगठन तथा व्यवस्थापन सर्भेक्षण :** प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ को अनुसूची २(२०) अनुसार प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विभिन्न मितिमा सम्बन्धित संघीय मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधिसम्म पनि स्वीकृत भइ सकेको छैन । संगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

५. **नीति कार्यान्वयनः** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २(४) अनुसार प्रदेश सरकारको नीतिको कार्यान्वयन अवस्थाको मूल्यांङ्कन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई तोकेको छ । २०७४।७५ को नीति तथा कार्यक्रम कार्यान्वयनको मूल्यांङ्कन भएको पाइएन । नीति कार्यान्वयनको मूल्यांङ्कन गर्नुपर्दछ ।

६. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६० बमोजिम यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ ।

प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यक्रम स्वीकृत गर्दा परिमाण र लागत खुलाएको पाइएन ।

७. **खरिद व्यवस्थापन:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) वमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमीत हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नुहुदैन । मन्त्रालयले मेशिनरी औजार खरिदलाई २६ टुक्रा बनाई रु ५८ लाख ३८ हजार ९८६, फर्निचर खरिदलाई २४ टुक्रा बनाई रु. ७३ लाख १३ हजार २८६ समेत रु १ करोड ३१ लाख ५२ हजार २७२ को सामानहरु सोझै खरिद गरेको छ । नियमले तोकेको प्रक्रिया पूरा गरी खरिद कार्य गर्नुपर्दछ ।

८. **एउटै आपूर्तिकर्ताबाट खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख)मा एक अर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले चार आपूर्तिकर्ताबाट एक भन्दा बढि पटक मेशिनरी औजार तथा विद्युतीय सामान खरिद गरी रु. ३१ लाख १३ हजार खरिद गरेकाले उक्त खरिद नियमसम्मत देखिएन । ऐन तथा नियमावलीको परिपालनामा ध्यान दिनुपर्दछ ।

९. **सार्वजनिक सेवा सेवाग्राही सन्तुष्टि :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २(२२) अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने गरी कार्यविभाजन नियमावलीमा उल्लेख भए अनुसार लेखापरीक्षण अवधिसम्म कार्यविधि स्वीकृत नभएकोले निर्माणको चरणमा रहेको कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** कार्यालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो

यो वर्ष विनियोजन रु. **१** करोड **१६** लाख **४३** हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय प्रगतिः** मन्त्रालय स्थापना भएपश्चात तयार गरिएका बजेट तथा कार्यक्रमहरुमा उल्लेख भएको कार्यहरुको लागि ३५.७४ प्रतिशत मात्र खर्च भएकोले प्रगति न्यून रहेको देखियो ।

२. **आन्तरिक नियन्त्रणः** मन्त्रालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा तलबी प्रतिवेदन पारित नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार नगरेको जिन्सी अभिलेखमा स्पेसिफिकेशन उल्लेख नगरेको जस्ता कैफियत देखिएका छन् । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

३. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६० बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा मात्र प्रगतिको स्थिति समीक्षा गर्न सकिएन ।

४. **सम्पत्तिको एकीकृत विवरण** : प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३(५) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारबाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिँचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरेको पाइएन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

५. **सार्वजनिक खरिद व्यवस्थापन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु ५ लाख भन्दा बढीको खरिद गर्दा सोझै खरिद गर्न नपाइने व्यवस्था छ । मन्त्रालयले २९ लाख ७२ हजारको मालसामानहरु पटक पटक गरी सोझै खरिद गरेको देखियो । खरिद कार्यमा ऐन, नियमले तोकेको प्रक्रिया पूरा गर्नुपर्ने देखियो ।

६. **प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापनः** मन्त्रालयको स्वीकृत दरवन्दी ४७ रहेकोमा हालसम्म स्थायी २२ र करारमा ८ जना समेत ३० पदपूर्ति भएको देखिन्छ । स्वीकृत दरवन्दी बमोजिम उपसचिव २, शाखा अधिकृत ६ तथा नायव सुब्बा ८ लगायतका पद रिक्त रहेका देखिन्छ । मन्त्रालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी र दीगो वनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनु पर्दछ ।

७. **कर र गैह्र कर :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ (१) अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य संचालन गर्ने उल्लेख भएको छ । यो वर्ष को बजेटमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक श्रोत परिचालन गर्ने गरी प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने गरी व्यवस्था मिलाउने उल्लेख भएकोमा २०७४।७५ मा कर तथा गैह्र कर सम्बन्धी ऐन तर्जुमा भएता पनि आर्थिक ऐन जारी भएको पाइएन ।

८. **नीतिगत मार्गदर्शन २०७५ को कार्यान्वयनः–** नेपाल सरकार (म.प.) बाट २०७५/०१/२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ को बुँदा २३ मा कार्यालय भवन, पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराईने सवारी साधनको किसिम इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने उल्लेख छ । अर्थ मन्त्रालयको परामर्शमा भवन,कार्यक्रम फर्निसिङको मापदण्ड शहरी बिकास मन्त्रालयले र सवारी साधन इन्धन,मर्मतको मापदण्ड गृह मन्त्रालयले एक महिना भित्र तोकी सक्नु पर्ने गरी नीतिगत व्यवस्था भएकोमा मापदण्ड तयार गरी लागू गरेको देखिएन । उल्लिखित मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

**प्रदेश लेखा नियन्त्रक कार्यालय**

९. **प्रदेश आर्थिक प्रशासन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ । प्रदेश तहका सबै कार्यालयमा लेखा अभिलेख व्यवस्थित गर्न प्रयाप्त लेखा समूहका कर्मचारीको व्यवस्था हुनु पर्दछ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निस्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी भएको पाइएन ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. **२** करोड **८४** लाख **३९** हजार, धरौटी रु.६१ हजार र प्रदेश विपद् व्यवस्थापन कोष तर्फ रु. ९१ लाख १८ समेत रु.३ करोड ७६ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण:** मन्त्रालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले जिन्सी निरिक्षण गराई सो माथि कारवाही नगरेको, मुल्य खुलाई जिन्सी निरिक्षण तयार नगरेको, जिन्सी अभिलेखमा स्पेसिफिकेशन उल्लेख नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको र तलबी प्रतिवेदन समेत पारी नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

२. **कार्यसम्पादन स्थिति** : प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्नुपर्ने कार्यहरुको नीति, कानून तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयसम्वन्धी कार्यहरु गर्नुपर्ने व्यवस्था छ । उक्त कार्य सम्पादन गर्न आवश्यक ऐन, नियम, कानुन तथा कार्यविधि र मापदण्ड निर्माण गरेको देखिएन । मन्त्रालयले यसमा ध्यान दिनुपर्दछ ।

३. **नीतिगत मार्गदर्शन २०७५ को कार्यान्वयन:–** नेपाल सरकार (म.प.) बाट २०७५/०१/२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ को सि.नं.२३ मा कार्यालय भवन,पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराईने सावरी साधनको किसिम इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने उल्लेख छ । अर्थ मन्त्रालयको परामर्शमा भवन, कार्यक्रम फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी साधन इन्धन,मर्मतको मापदण्ड गृह मन्त्रालयले एक महिना भित्र तोकी सक्नु पर्ने गरी नीतिगत व्यवस्था भएकोमा मापदण्ड तयार गरी लागू गरेको देखिएन । उल्लिखित मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६० बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा मात्र प्रगतिको स्थिति समीक्षा गर्न सकिएन ।

५. **प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन:** मन्त्रालयमा स्वीकृत दरवन्दी ३८ रहेकोमा २२ पदपूर्ति भई १६ पद रिक्त रहेको देखिन्छ । मन्त्रालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी र दीगो बनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

६. **सवारी साधन मर्मत:** सावरी साधनमर्मत गराउदा मर्मत आदेश स्वीकृत गराएर मात्र खर्च गर्नुपर्दछ । मन्त्रालयले सवारी साधनहरु मर्मत गराउँदा मर्मत आदेश नगराइ रु. ३ लाख ३३ हजार खर्च लेखेको देखियो । मर्मत आदेश विना खर्च लेखिएको रकम नियम सम्मत देखिएन ।

७. **प्रशिक्षक भत्ता:** अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ मा दोहोरो भत्ता दिन नमिल्ने व्यवस्था छ । मन्त्रालयले प्रदेश स्तरीय विपद व्यवस्थापन सम्वन्धी बाँके, बर्दिया, दाङ, र कपिलवस्तुमा कार्यक्रम संचालन गर्न

जाँदा ११ कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता दिई सकेपछि पुनः प्रशिक्षक भत्ता प्रतिदिन रु. २ हजारका दरले रु. ६८ हजार खर्च लेखेको छ । दोहोरो खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

८. **अतिरिक्त समय भत्ता:** मन्त्रालयले १३ जना कर्मचारीहरुलाई जेष्ठ र असार महिनामा अतिरिक्त समय कार्य गरेवापत रु ९० हजार खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएकोमा कार्यसम्पादनमा थप योगदान पुऱ्याएको प्रमाणवेगर अतिरिक्त समयमा कार्य गरेको भत्ता खर्च लेख्न मिल्ने देखिदैन ।

९. **कार्यप्रगतिः** अनुदान दिएको रकमको समुचित प्रयोग भएको देखिने गरी प्रगति विवरण तयारमा गर्नुपर्दछ । मन्त्रालयले एक संस्थालाई रु.२ लाख अनुदान दिएकोमा सो अनुदान दिनुपर्ने आधार खुलाएको देखिएन । उक्त अनुदानबाट भएको कामको प्रगति विवरण समेत लिएको नदेखिएकोले उक्त अनुदानको उपयोगको अवस्था यकिन हुन सकेन ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट रु.३ लाख ६० हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. **१** करोड **७२** लाख **२१** हजार र धरौटी रु.२ लाख १० हजार समेत रु.१ करोड ७४ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण:** मन्त्रालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मन्त्रालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको, जिन्सी अभिलेखमा स्पेसिफिकेशन उल्लेख नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

२. **प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन:** मन्त्रालयमा स्वीकृत दरबन्दी ४५ रहेकोमा करारवाट ९ समेत २५ पदको पदपूर्ति भएको र २० रिक्त रहेको देखिन्छ । मन्त्रालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी र दीगो वनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

३. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६० बमोजिम यो ऐन र यस ऐन अर्न्तगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अर्न्तगत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा मात्र प्रगतिको स्थिति समीक्षा गर्न सकिएन ।

४. **सार्वजनिक खरिद व्यवस्थापन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु ५ लाख सम्मको खरिद गर्दा साभ्कै खरिद गर्न सकिने व्यवस्था छ । मन्त्रालयले खरिद कार्य पटक पटक गरी ३१ लाख ५७ हजारको सोभ्कै खरिद गरेको देखियो । ऐन, नियमले तोकेको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखियो ।

५. **वन, जल र वातावरण** -प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरुको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिंचाइमा समेत वन क्षेत्रको भूमिका उल्लेखनीय रहेको छ । वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण, वन सम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फडाँनी, विपद जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दीगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्नु प्रदेश सरकार समक्ष धेरै चुनौति रहेका छन् । प्रदेश सरकारले वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

६. **सिण्डीकेट तथा कार्टेलिङ्ग सम्बन्धी कानुन:** प्रदेश सरकारको कार्यविभाजन सम्बन्धी नियमावली, २०७४ अनुसार व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी कानुनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । तर उक्त कानून निर्माण नभएकोले प्रदेश स्तरीय कानूनको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **जैविक विविधताको अध्ययन:** कार्यविभाजन सम्बन्धी नियमावली, २०७४ अनुसार प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन नियमन संरक्षण एवं लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विगत वर्षहरुमा संघीय सरकारले जैविक विविधताको सन्दर्भमा गरेका

अनुसन्धानात्मक कार्यहरुको स्वामित्व लिई व्यवस्थापन नियमन र लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

८. **कार्यविभाजन कार्यन्वयनः** प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ मा मन्त्रालयले गर्ने ६२ कार्य तोकिएकोमा २०७४।७५ मा मन्त्रालयले प्रादेशिक वन नीति, २०७५ प्रादेशिक औद्योगिक नीति, २०७५ प्रादेशिक वाणिज्य नीति, २०७५ र प्रादेशिक पर्यटन नीति, २०७५ को मस्यौदाको तयारी गरेको देखियो । मन्त्रालयको कार्य विवरणमा रहेका वन्यजन्तु र चराचुरुङगी सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्डको तर्जुमा कार्यान्वयन र अनुगमन, प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयन, प्रादेशिक पर्यटन विकासको नीति, कानुन मापदण्ड र योजना तर्जुमा पूर्वाधार विकास, उपभोक्ता अदालत गठन र सञ्चालन, सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन र अनुगमन, खानी तथा खनिज पदार्थको अन्वेषण सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र अनुगमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखांकन, अन्वेषण लगायतका कार्यहरुमा आवश्यक पर्ने ऐन, नियम, कानुन कार्यविधि बनाएको देखिएन । मन्त्रालयले आवश्यक कानुनहरु निर्माण गर्न ध्यान दिनुपदर्छ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देयले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. **१** करोड **३०** लाख **६३** हजार, र धरौटी २२ हजार समेत रु.१ करोड ३० लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय कार्यसम्पादनः** मन्त्रालय स्थापना भएपश्चात तयार गरिएका बजेट तथा कार्यक्रमहरुमा उल्लेख भएको मुख्य कार्यहरु सितभण्डार स्थापनाका लागि संभाव्यता अध्ययन, सहककारीकरणवाट गरिवी निवारणमा विश्लेषण,कृषि अनुदान कोष स्थापना, सहकारी विकास कोष स्थापना संचालन तथा गोष्ठी र अन्तरक्रिया कार्यक्रमहरु पूर्णरुपमा सम्पादन हुन सकेको देखिएन । मन्त्रालयको नाममा विनियोजित बजेट खर्चको वित्तीय प्रगति प्रतिशत २६.६६ मात्र भएको पाइयो ।

२. **आन्तरिक नियन्त्रणः** मन्त्रालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । यस मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले जिन्सी निरीक्षण गराई सो माथि कारवाही नगरेको, जिन्सी अभिलेखमा सामानको स्पेसिफिकेशन नखुलाएको, मुख्यमन्त्री कार्यालयबाट पुरानो सवारी साधन २ हस्तान्तरण गरी आएकोमा सो को मूल्य खुलाई नराखेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

३. **संगठन तथा कर्मचारी व्यवस्थापनः** मन्त्रालयको स्वीकृत दरबन्दी ६३ रहेकोमा करारबाट ११ सहित ४७ पदपूर्ति भई १६ रिक्त देखिन्छ । मन्त्रालयवाट प्रदान गरिनेसेवा प्रवाहलाई प्रभावकारी र दीगो वनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

४. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६० बमोजिम यो ऐन र यस ऐन अर्न्तगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अर्न्तगत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा मात्र प्रगतिको स्थिति समीक्षा गर्न सकिएन ।

५. **कार्यसम्पादन स्थिति :** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गर्नु पर्ने कार्यहरुको नीति, कानुन तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कृषि, पशु विकास तथा खाद्य पोषण, कृषि तथा पशुपंक्षी बीमा, सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू उपयोग तथा चक्लवन्दी र सरकारी जग्गा भाडामा दिने सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन नियमन गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले लेखापरीक्षणको समयसम्म पनि उल्लेखित ऐन, नियम, कानुन तथा कार्यविधि र मापदण्ड निर्माण गरेको देखिएन । यसमा मन्त्रालयले ध्यान दिनुपर्दछ ।

६. **नीतिगत मार्गदर्शन, २०७५ को कार्यान्वयनः–** नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७५/०१/२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिताको कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ को सि.नं.२३ मा कार्यालय भवन, पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराइने सावरी साधनको किसिम इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने उल्लेख छ । अर्थ मन्त्रालयको परामर्शमा भवन,कार्यक्रम फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी साधन इन्धन,मर्मतको मापदण्ड गृह मन्त्रालयले एक महिनाभित्र तोकी सक्नु पर्ने व्यवस्था भएकोमा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

७. **सार्वजनिक खरिद व्यवस्थापन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु ५ लाख सम्मको खरिद गर्दा साझै खरिद गर्न सकिने व्यवस्था गरेको छ । मन्त्रालयले सवारी साधनको खरिद गर्दा क्याटलग सपिङ्ग विधिवाट खरिद गरेको भएता पनि रु.४६ लाख ३८ हजारको फर्निचर तथा फिक्र्चस एवं मेशिनरी औजार सोझै खरिद गरेको देखियो । ऐन, नियमले तोकेको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखियो ।

८. **यान्त्रिकरण र प्रविधि हस्तान्तरण:** मन्त्रालयले कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणको लागि कृषि तथा पशुपन्छी व्यवसाय विकास तथा प्रवर्द्धनमा यान्त्रिक प्रविधि सम्बन्धि तथ्यांङ्क संकलन गरेको पाइयो तथा प्रविधि हस्तान्तरणका लागि कार्यविधि तथा निर्देशिकाहरुको निर्माण प्रक्रिया तत्काल सुरु गर्नुपर्ने देखियो ।

९. **सहकारी तथा गरिवी निवारण:** मन्त्रालयले तयार गर्नुपर्ने गरिवी निवारण एवं सहकारी विकास सम्बन्धी नीति तथा कार्यविधिहरु तथा संकलन गर्नुपर्ने सूचना तथा तथ्यांक अद्यावधिक गरेको पाइएन । सो कार्य तत्काल गरी मन्त्रालयको उद्देश्य परिपूर्तिमा तदारुकता देखाउनु पर्ने देखियो ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यस सम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक, ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. **१** करोड **१५** लाख **८८** हजार र धरौटी रु.३ लाख २७ हजार समेत रु.१ करोड १९ लाख १५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय कार्यसम्पादनः** मन्त्रालय स्थापना भएपश्चात तयार गरिएका बजेट तथा कार्यक्रमहरुमा उल्लेख भएको मुख्य कार्यहरुमा सहकारी विकास कोष संञ्चालन तथा गोष्ठी र अनर्क्रिया कार्यक्रमहरु पूर्णरुपमा सम्पादन गर्न सकेको पाइएन । मन्त्रालयको नाममा विनियोजित बजेटको खर्चको वित्तीय प्रगति प्रतिशत ३.७९ मात्र भएको देखियो ।

२. **आन्तरिक नियन्त्रणः** मन्त्रालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मन्त्रालयले जिन्सी निरीक्षण गराई सोमाथि कारवाही नगरेको, जिन्सी अभिलेखमा मालसामानको स्पेसिफिकेशन उल्लेख नगरेको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएको, खरिद एकाई गठन नगरेको, तलबी प्रतिवेदन पारित नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको जस्ता कैफियत देखिएका छन् । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

**३. कार्यसम्पादन स्थिति :** प्रदेश सरकार (कार्यविभाजन नियमावली), २०७४ बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्नु पर्ने कार्यहरु मध्ये जलश्रोत उपयोग तथा नदी संरक्षण, सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर, शहरी विकास, खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरुको नीति, कानून तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको पाइएन । नियमावली बमोजिम कार्य सम्पादन गर्नुपर्दछ ।

४. **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ८४ मा ५ लाख देखि २० लाखसम्मको खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले विभिन्न फर्निचर तथा फिक्चर्स, मेसिनरी औजार र सवारी साधन खरिद गर्दा विभिन्न २५ टुक्रा बनाई रु. ५४ लाख ८८ हजारको खर्च लेखेको देखियो । ऐन, नियमले तोकेको प्रक्रिया पूरा गरी खरिद कार्य गर्नुपर्ने देखियो ।

५. **सीमाभन्दा बढी खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नपाईने व्यवस्था छ । मन्त्रालयले एक पटक भन्दा बढी एक कम्प्युटर आपूर्तिकर्तावाट ३ पटक मेशिनरी औजार खरिद गरी रु.९ लाख ८० हजार खर्च लेखेको नियमसम्मत देखिएन । कानुनको व्यवस्था बमोजिम खरिद गर्नुपर्दछ ।

६. **प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापनः** मन्त्रालयमा स्वीकृत दरबन्दी ५६ रहेकोमा करारका ९ समेत ३३ पदपुर्ति भई २३ रिक्त रहेको देखिन्छ । मन्त्रालयवाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी र दिगो वनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

७. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६० बमोजिम यो ऐन र यस ऐन अर्न्तगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम

स्वीकृत नगरी चालु तथा पुँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा मात्र प्रगतिको स्थिति समीक्षा गर्न सकिएन ।

८. **नीतिगत मार्गदर्शन २०७५ को कार्यान्वयनः–** नेपाल सरकार (म.प.) बाट मिति २०७५/०१/२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिताको कायम गर्ने नीतिगत मार्ग दर्शन २०७५ को बुँदा नं. २३ मा कार्यालय भवन,पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराईने साधनको किसिम इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने उल्लेख छ । अर्थ मन्त्रालयको परामर्शमा भवन, कार्यक्रम फर्निसिङको मापदण्ड शहरी बिकास मन्त्रालयले र सवारी साधन इन्धन, मर्मतको मापदण्ड गृह मन्त्रालयले तोक्नु पर्ने व्यवस्था भएकोमा मापदण्ड तयार गरी लागू गरेको पाइएन । मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

९. **यातायात तथा भवनः** मन्त्रालयले तयार गर्नुपर्ने यातायात व्यवस्थापन तथा शहरीकरणलाई रोक्न र भवन निर्माण आचारसंहिता सम्बन्धी नीति तथा कार्यविधिहरु तथा संकलन गर्नुपर्ने सूचना तथा तथ्यांक अद्यावधिक गरेको पाइएन । सो कार्य गरी मन्त्रालयको उद्देश्य पूर्तितर्फ तदारुकता देखाउनु पर्ने देखियो ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन खेलखूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. **१** करोड **७४** लाख **९८** हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय कार्य सम्पादनः** मन्त्रालयको चालु खर्च तर्फ रु १ करोड १० लाख १४ हजार र पूँजीगत खर्च तर्फ रु. ६४ लाख ८४ हजार गरी कुल खर्च रु. १ करोड ७४ लाख ९८ हजार भएको देखियो । यसरी कुल वजेटको खर्च प्रतिशत हेर्दा वित्तीय प्रगति २५.४१ प्रतिशत रहेको देखियो ।

२. **आन्तरिक नियन्त्रणः** मन्त्रालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा तलबी प्रतिवेदन पारित नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन जारी गरेता पनि सुझावहरु कार्यान्वयन नगरेको, जिन्सी अभिलेखमा स्पेसिफिकेसन उल्लेख नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार नगरेको, सहायक जिन्सी खाता व्यवस्थित नगरेको जस्ता कैफियत देखिएका छन प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

३. **कार्यसम्पादन स्थिति :** यस प्रदेश कार्यविभाजन नियमावली, २०७४ मा सामाजिक विकास मन्त्रालयले अन्य कार्यको अतिरिक्त पुस्तकालय संग्रहालय अभिलेखालय, विश्वविद्यालय तथा उच्च शिक्षा, स्वास्थ्य सेवा तथा पोषण, जनसंख्या बसाईसराई र परिवार नियोजन सम्वन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले लेखापरीक्षणको अवधिसम्म पनि उल्लेखित ऐन, नियम, कानुन तथा कार्यविधि बनाएको देखिएन । नियमावली बमोजिम कार्य सम्पादन गर्नुपर्दछ ।

४. **सार्वजनिक खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन, २०६४ को नियम ८५ मा रु ५ लाख सम्मको खरिद गर्दा साझै खरिद गर्न सकिने व्यवस्था छ । मन्त्रालयले फर्निचर तथा फिक्चर्स र मेशिनरी तथा औजार खरिद कार्य पटक पटक गरी रु.५२ लाख १० हजारको सोझै खरिद गरेको देखियो । ऐन, नियमले तोकेको प्रक्रिया पूरा गरी खरिद गर्नुपर्दछ ।

५. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६० बमोजिम यो ऐन र यस ऐन अर्न्तगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अर्न्तगत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा मात्र प्रगतिको स्थिति समीक्षा गर्न सकिएन ।

६. **प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापनः** मन्त्रालयमा स्वीकृत दरवन्दी ६८ रहेकोमा ४२ पदपूर्ति भएको र २६ रिक्त रहेको देखिन्छ । सेवा प्रवाहलाई प्रभावकारी र दीगो वनाउन दरवन्दी अनुसारको पदपूर्ति हुनु पर्दछ ।

७. **विशिष्ट व्यक्ति भत्ताः** अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ मा विशिष्ट व्यक्तिलाई भत्ताको व्यवस्था गरेको छैन । १० कर्मचारीहरुले तालिम एवं गोष्ठी सञ्चालन गर्दा निर्देशिका विपरित विभिन्न मितिमा विशिष्ट व्यक्ति भत्ता भनी रु. २२ हजार वितरण गरेको देखिएकोले निर्देशिका विपरीत भएको भुक्तानी असुल गर्नुपर्दछ ।

८. **पूर्वतयारी बैठक भत्ताः** अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ मा तालिम, गोष्ठी, सेमिनार लगायतका खर्चको मापदण्ड स्पष्ट गरिएको छ । उक्त निर्देशिका अनुसार कुनै पनि तालिम, गोष्ठी सेमिनारमा कुनै पनि पूर्व

तयारी बैठक भत्ताको व्यवस्था गरेको देखिदैन । मन्त्रालयले ७ कर्मचारीहरुलाई रु.१ लाख १२ हजार पूर्वतयारी बैठक भत्ता खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

९. **नीतिगत मार्गदर्शन कार्यान्वयनः–** नेपाल सरकार (म.प.) बाट २०७५/०१/२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिताको कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ को बुँदा.नं.२३ मा कार्यालय भवन,पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराईने सावरी साधनको किसिम इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन,कार्यक्रम फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी साधन इन्धन, मर्मतको मापदण्ड गृह मन्त्रालयले तोक्नु पर्ने व्यवस्था भएकोमा मापदण्ड तयार गरी लागू गरेको देखिएन । मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट रु.१ लाख ४८ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.**१५** लाख **८९** हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छ:

- **करारको पारिश्रमिक भुक्तानी:** एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिका, २०७२ मा नगद रकमको कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि खर्च गर्ने कार्यालयहरुले तलव भत्ता वितरण अनिवार्य रुपमा बैंक मार्फत गर्नु पर्ने र कुनै कारणबश बैंक मार्फत भुक्तानी गर्न सम्भव नभएमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनु पर्ने उल्लेख छ । कार्यालयले करार सेवामा कार्यरत एक सवारी चालकलाई मासिक रु. १८ हजार ३४० र एक कार्यालय सहयोगीलाई मासिक रु. १६ हजार २३० को दरले २०७४ चैत्र देखि २०७५ असारसम्मको पारिश्रमिक रु. १ लाख ३८ हजार २८०।- नगद झिकी भुक्तानी गरेको पाइयो । निर्देशिका बमोजिम बैंकमार्फत भुक्तानीको व्यवस्था मिलाई नगद कारोवारलाई निरुत्साहित गर्नु पर्दछ ।

- **बेरुजू स्थिति –** कार्यालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# परिच्छेद -४

## प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था अनुसार निम्नानुसार बेरुजूको कारवाहीको विवरण प्राप्त भएको छ ।

| सि.नं. | निकायको विवरण | प्रारम्भिक प्रतिवेदन जारी मिति | प्रतिक्रिया प्राप्त मिति | फछ्र्यौट दफा संख्या | अन्तिम प्रतिवेदन जारी मिति |
|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | २०७५/९/२७ | २०७५/११/०३ | २६१ | २०७५/१२/१ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २०७५/९/२७ | २०७५/११/१२ | ० | २०७५/१२/१ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७५/९/२७ | २०७५/११/९ | ५७२ | २०७५/१२/१ |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०७५/९/२७ | ० | ० | २०७५/१२/१ |
| ५ | उद्योग, पर्यटन वन तथा वातावरण | २०७५/९/२७ | २०७५/११/६ | ० | २०७५/१२/१ |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०७५/९/२७ | ० | ० | २०७५/१२/१ |
| ७ | भौतिक पूर्वाधार मन्त्रालय | २०७५/९/२७ | २०७५/११/२ | ० | २०७५/१२/१ |
| ८ | सामाजिक विकास मन्त्रालय | २०७५/११/१५ | २०७५/११/२१ | ३१ | २०७५/१२/१ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २०७५/९/२९ | ० | ० | २०७५/१२/१ |

# परिच्छेद ५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध गर्नुपर्दछ ।चालुखर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा ध्यान दिँदै आयोजना सञ्चालन गर्नु पर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पूँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यबस्था मिलाउनु पर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्दछ । परामर्श सेवा र डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संङ्कलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्र परिचालन गरी राजश्व संङ्कलन गर्नु पर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सेवा प्राप्त गर्ने प्रक्रिया अवलम्बन गरिनुपर्दछ । यसैगरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाइ सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाइ गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिकनिकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेश तहमा समेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यलाई मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणली तयार गरी लागू गर्नुपर्दछ ।

८. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नु पर्दछ ।

९. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित कानून

बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको संचित कोष हिसाब तयार गर्ने, प्रदेश तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा मार्फत विषयगत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

अनुसूची -१

## लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण
### (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय / निकाय /कार्यालयको नाम | कार्यालय संख्या | बेरुजू भएका कार्यालय संख्या | बेरुजू रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ | १ | सैद्धान्तिक |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | सैद्धान्तिक |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १ | १ | ३६० |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ६. | भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | १ | १४८ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | सैद्धान्तिक |
| | **जम्मा** | **९** | **९** | **५०८** |

अनुसूची – २

# लेखापरीक्षण रकम

(रु हजारमा)

| क.सं. | मन्त्रालय/ निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोवार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | |
| १. | प्रदेश सभा सचिवालय | १ | ५९१३५ | १ | ५९१३५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५९१३५ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | ३३२८६ | १ | ३३२८६ | १ | ४ | १ | ४ | १ | ३३६ | १ | ३३६ | ० | ० | ० | ० | ३३६२६ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १ | ११६४३ | १ | ११६४३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ११६४३ |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रलय | १ | २८४३९ | १ | २८४३९ | ० | ० | ० | ० | १ | ६१ | १ | ६१ | १ | ९११८ | १ | ९११८ | ३७६१८ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | १७२२१ | १ | १७२२१ | ० | ० | ० | ० | १ | २१० | १ | २१० | ० | ० | ० | ० | १७४३१ |
| ६. | भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | १३०६३ | १ | १३०६३ | ० | ० | ० | ० | १ | २२ | १ | २२ | ० | ० | ० | ० | १३०८५ |
| ७. | भौतिक पूर्वाधार बिकास मन्त्रालय | १ | ११५८८ | १ | ११५८८ | ० | ० | ० | ० | १ | ३२७ | १ | ३२७ | ० | ० | ० | ० | ११९१५ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | १७४९८ | १ | १७४९८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १७४९८ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १५८९ | १ | १५८९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १५८९ |
| | **जम्मा** | **९** | **१९३४६२** | **९** | **१९३४६२** | **१** | **४** | **१** | **४** | **५** | **९५६** | **५** | **९५६** | **१** | **९११८** | **१** | **९११८** | **२०३५४०** |

**अनुसूची – ३**

# कार्यालयहरुको यो वर्षको बेरुजू वर्गीकरण
# विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार

(रु हजारमा)

| सि.नं. | कार्यालयको नाम | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | प्रदेश सभा सचिवालय | ९ | २ | २६१ | | २ | २६१ | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २. | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १० | ० | ० | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११ | २ | ५७२ | | २ | ५७२ | ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९ | ५ | ३६० | ० | ० | ० | ९ | ५ | ३६० | ७० | २९० | | ० | ० | ३६० | ० | ० | ० |
| ५. | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय | १३ | ० | ० | ० | ० | ० | १३ | ० | ० | | | | | | | | | |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १२ | ० | ० | ० | ० | ० | १२ | ० | ० | | | | | | | | | |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ११ | ० | ० | ० | ० | ० | ११ | ० | ० | | | | | | | | | |
| ८. | सामाजिक विकास मन्त्रालय | ९ | ३ | १७९ | | १ | ३१ | ९ | २ | १४८ | १४८ | | | | | १४८ | | | |
| ९. | मुख्य न्यायाधीवक्ताको कार्यालय | ३ | ० | ० | ० | ० | ० | १३ | ० | ० | | | | | | | | | |
| | **जम्मा** | **८७** | **१२** | **१३७२** | **०** | **५** | **८६४** | **८७** | **७** | **५०८** | **२१८** | **२९०** | | | | **५०८** | | | |

## अनुसुची - ४

लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजू स्थिति

(रकम रु हजारमा)

| क्र. सं. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतहरुको नामवली | अवधि | आ.व. २०७४/७५ को कुल बेरुजू | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | डा. मान वहादुर वि.क. | ०७४/११/१-७५/३/२७ | सैद्धान्तिक | - |
| | | प्रेम प्रसाद भट्टराई | ०७५/३/२७-३/३१ | | |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वसन्त अधिकारी | ०७४/१०/२६-७५/३/३१ | सैद्धान्तिक | - |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | थानेश्वर गौतम | ०७४/११/३-७५/३/३१ | सैद्धान्तिक | - |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रलय | प्रेम प्रसाद भट्टराई | ०७४/११/३-७५/३/३१ | ३६० | ०.९६ |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सूर्यकान्त सिग्देल | ०७४/१०/२६-७५/३/३१ | सैद्धान्तिक | - |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | याम नारायण देवकोटा | २०७४/१०/२६-०७५/३/३१ | सैद्धान्तिक | - |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | रामचन्द्र दंगाल | ०७४/१०/२६-७५/३/३१ | सैद्धान्तिक | - |
| ८ | सामाजिक विकास मन्त्रालय | पुष्करराज पन्त | ०७४/१०/२६-७५/३/३१ | १४८ | ०.८५ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | मुख्य न्यायाधिवक्ता ठाकुर प्रसाद डि.सी | ०७४/१२/१-७५/३/३१ | सैद्धान्तिक | - |

## प्रदेश सञ्चित कोषको वार्षिक विवरण

प्रदेश सरकार, प्रदेश नं ५
आर्थिक वर्ष २०७४/७५ को सञ्चित कोषको अवस्था

| विवरण | रकम रू. |
|---|---|
| समानीकरण अनुदान | १,०२०,५००,०००.०० |
| **(क) प्राप्ति** | **१,०२०,५००,०००.००** |
| चालू | १२५,३२७,८७९.७७ |
| पूँजीगत | ६५,४९५,८९३.०० |
| वित्तीय व्यवस्था | |
| भूक्तानी हुन बाँकी चेक | -१६५,५११.०० |
| **(ख) भुक्तानी** | **१९०,६५८,२६१.७७** |
| **(ग) सेस्ता अनुसार कोषको मौज्दात [ क - ख ]** | **८२९,८४१,७३८.२३** |
| **(घ) बैक अनुसार प्र क १-१ संचित कोष मिलान खाता मौज्दात (२०७५ आषाढ मसान्त)** | **९४६,८६५,२७७.४३** |
| **(ङ) फरक [ ग - घ ]** | **-११७,०२३,५३९.२०** |

**<u>फरक रकमको पुष्ट्याँई</u>**

| | |
|---|---|
| मिति २०७५।०४।२२ मा प्र ख ५ बाट प्र क १-१ मा ट्रान्सफर ट्रान्सफर गर्न बाँकी | -१०२,२५७,१६६.४९ |
| मिति २०७५।०८।१७ मा प्र ख ५ बाट प्र क १-१ मा ट्रान्सफर गर्न बाँकी | -१४,७६६,३७२.७१ |
| **जम्मा** | **-११७,०२३,५३९.२०** |

०६२।१०।६

प्रदेश लेखा नियन्त्रक

## प्रदेश सरकार, प्रदेश नं ५
## आर्थिक वर्ष २०७४/७५ को शिर्षकगत खर्च विवरण

| | |
|---|---|
| (क) प्रदेश एकल कोष खाता प्रणाली मार्फत गरिएको खर्च | १९०,८२३,७७२.७७ |
| (ख) संघीय एकल कोष खाता प्रणाली मार्फत गरिएको खर्च | ०.०० |
| **प्रदेश सरकारको कूल खर्च (क + ख)** | **१९०,८२३,७७२.७७** |

**(क) प्रदेश एकल कोष खाता प्रणाली मार्फत गरिएको खर्च**

| खर्च शिर्षक | खर्च रकम रू. |
|---|---|
| ५२१ प्रदेश व्यवस्थापिका सचिवालय | ५९,१३५,५९७.०६ |
| ५२३ मुख्य न्यायाधिवक्ता कार्यालय | १,५८८,७३५.०० |
| ५३१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३१,७०३,३०९.६४ |
| ५३२ आर्थिक मामिला तथा योजना मन्त्रालय | ११,६४२,८१४.०० |
| ५३३ आन्तरिक मामिला तथा कानून मन्त्रालय | २८,४३९,२४५.६४ |
| ५३४ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६,१६४,४५९.८० |
| ५३५ भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १३,०६३,४६५.५० |
| ५३६ भाैतिक पूर्वाधार विकास मन्त्रालय | ११,५८८,०७२.७० |
| ५३७ सामाजिक विकास मन्त्रालय | १७,४९८,०७३.४३ |
| **जम्मा** | **१९०,८२३,७७२.७७** |

०८।१।०१६

प्रदेश लेखा नियन्त्रक

प्रदेश एकल कोष खाता प्रणाली मार्फत गरिएको खर्च

| खर्च शिर्षक | खर्च रकम रू. |
|---|---|
| २२३१४ इन्धन - अन्य प्रयोजन | ८८,८१५.०० |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरु | १७,९९९,७७१.४२ |
| **२२५१० तालिम तथा गोष्ठी** | **१,६३९,५८८.००** |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १,२६१,९८८.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ३७७,६००.०० |
| **२२५२० उत्पादन सामग्री ,सेवा तथा अन्य कार्यक्रम खर्च** | **१६,३६०,१८३.४२** |
| २२५२२ कार्यक्रम खर्च | १६,३६०,१८३.४२ |
| **२८००० अन्य खर्च** | **७१८,३७०.००** |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ७१८,३७०.०० |
| **२८१४० जग्गाको भाडा** | **७१८,३७०.००** |
| २८१४२ घर भाडा | ७१,२००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ६३७,०००.०० |
| २८१४९ अन्य भाडा | १०,१७०.०० |
| **२६००० अनुदान (ग्रान्ट्स)** | **२००,०००.००** |
| २६४०० सामाजिक सेवा अनुदान | २००,०००.०० |
| **२६४१० चालु अनुदान** | **२००,०००.००** |
| २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई चालु अनुदान | २००,०००.०० |
| **२७००० सामाजिक सुरक्षा** | **१०,१३२,८२३.००** |
| २७२०० छात्रवृत्ति | १०,१३२,८२३.०० |
| **२७२१० सामाजिक सहायता** | **१०,१३२,८२३.००** |
| २७२१३ औषधी खरिद खर्च | १३२,८२३.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १०,०००,०००.०० |
| **३०००० सम्पत्ति तथा दायित्व** | **६५,४९५,८९३.००** |
| **३१००० गैर वित्तीय सम्पत्ति / पूँजीगत खर्च** | **६५,४९५,८९३.००** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ६५,४९५,८९३.०० |
| **३१११० भवन तथा संरचना** | **२२,७५८,६९७.००** |
| ३१११५ फर्निचर तथा फिक्चर्स | २२,७५८,६९७.०० |
| **३११२० सवारी साधन तथा मेशिनरी औजार** | **३९,६५८,३८४.००** |
| ३११२२ मेशिनरी तथा औजार | २८,४७०,६८०.०० |
| ३११२१ सवारी साधन | ११,१८७,७०४.०० |
| **३११७० पूँजीगत सुधार खर्च** | **१,००८,४४३.००** |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,००८,४४३.०० |
| **३११३० अन्य पूँजीगत खर्च** | **२,०७०,३६९.००** |
| ३११३२ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पती प्राप्ति खर्च | २,०७०,३६९.०० |
| **जम्मा** | **१९०,८२३,७७२.७७** |

प्रदेश लेखा नियन्त्रक

प्रदेश सरकार, प्रदेश नं ५

आर्थिक वर्ष २०७५/७६ को शिर्षकगत खर्च विवरण

**प्रदेश एकल कोष खाता प्रणाली मार्फत गरिएको खर्च**

| खर्च शिर्षक | खर्च रकम रु. |
|---|---|
| २०००० चालु खर्च | १२५,३२७,८७९.७७ |
| **२१००० पारिश्रमिक / सुविधा** | **५८,४०७,७८५.३३** |
| २११०० पारिश्रमिक / सुविधा | ५८,४०७,७८५.३३ |
| **२१११० नगदमा दिइने पारिश्रमिक र सुविधा** | **४०,११९,९७५.१७** |
| २११११ पारिश्रमिक कर्मचारी | १३,७००,३२६.८३ |
| २१११२ पारिश्रमिक पदाधिकारी | २६,४१९,६४८.३४ |
| **२११३० कर्मचारी भत्ता** | **३,५७८,९४०.००** |
| २११३२ महंगी भत्ता | ३७३,४३७.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १,६६१,०६२.०० |
| २११३९ अन्य भत्ता | १,५४४,४४१.०० |
| **२११२० जिन्सी वा जिन्सी वापत दिइने पारिश्रमिक र सुविधा** | **९०५,०००.००** |
| २११२१ पोशाक | ९०५,०००.०० |
| **२११४० पदाधिकारी भत्ता तथा अन्य सुविधा** | **१३,८०३,८७०.१६** |
| २११४१ पदाधिकारी बैठक भत्ता | २,०७९,०००.५० |
| २११४२ पदाधिकारी अन्य सुविधा | ११,७२४,८६९.६६ |
| **२२००० मालसामान तथा सेवाको उपयोग** | **५५,८६८,९०१.४४** |
| २२१०० सेवा महसुल तथा भाडा | २,७७४,४१२.०० |
| **२२११० सेवा महसुल** | **२,७७४,४१२.००** |
| २२१११ पानी तथा बिजुली | १,३५९,२०३.०० |
| २२११२ संचार महसुल | १,४१५,२०९.०० |
| २२२०० पुँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च | ९,४९४,८२६.०० |
| **२२२१० सवारी साधनको संचालन तथा सम्भार खर्च** | **७,६४७,८९७.००** |
| २२२११ इन्धन (पदाधिकारी) | २५०,२२९.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २,८५९,२९७.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ४,१०६,२६१.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ४३२,११०.०० |
| **२२२३० निर्मित सार्वजनिक सम्पत्तिको संभार खर्च** | **१,७९२,९३९.००** |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,७९२,९३९.०० |
| **२२२९० अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च** | **१४,७५०.००** |
| २२२९१ अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | १४,७५०.०० |
| **२२२२० मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च** | **३९,२८०.००** |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३९,२८०.०० |
| २२७०० विविध खर्च | ३,२९६,४५२.०० |
| **२२७१० विविध खर्च** | **३,२९६,४५२.००** |
| २२७११ विविध खर्च | ३,२९६,४५२.०० |
| २२४०० परामर्श तथा अन्य सेवा शुल्क | ४,१८८,०८९.०२ |
| **२२४१० परामर्श तथा अन्य सेवा शुल्क** | **४,१८८,०८९.०२** |
| २२४१३ करार सेवा शुल्क | २,९६६,१७४.७० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २१७,११५.०० |
| २२४१९ अन्य सेवा शुल्क | ४२८,३२६.३२ |
| २२४११ सेवा र परामर्श खर्च | ५७६,४७३.०० |
| २२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च | ८,७७४,५६१.०० |
| **२२६१० अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **८,७७४,५६१.००** |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,३२१,७३०.०० |
| २२६१२ भ्रमण खर्च | ५,४५२,८३१.०० |
| २२३०० कार्यालय सामान तथा सेवाहरु | ९,३८०,७९०.०० |
| **२२३१० कार्यालय सामान तथा सेवाहरु** | **९,३८०,७९०.००** |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ७,२००,५९१.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ४२,२९६.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,४५४,०४८.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ५९९,०८०.०० |

प्रदेश लेखा नियन्त्रक

# लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु



*माननीय प्रदेश प्रमुख श्री उमाकान्त झा र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*



*माननीय मुख्यमन्त्री श्री शंकर पोखरेल र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*



मानीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र प्रदेश सभामुख श्री पुर्ण बहादुर घर्ती सहितका पदाधिकारीहरु



बुटवलमा आयोजित लेखापरीक्षण अर्न्तक्रिया कार्यक्रममा सहभागी अतिथिगणहरु